अनुसूची - ६
(विनियम ११ को (२) सँग सम्बन्धित)

**कर्मचारी सञ्चय कोष**

**विनियम ३ को उपविनियम (१) को (ख) अनुरुपका जग्गा/घरजग्गाको धितोमा आधारित सापटी प्रवाह प्रयोजनको लागि धितो लिन सकिने क्षेत्रहरु :**

(३६) सुर्खेत जिल्ला

(३६.१) वीरेन्द्रनगर नगरपालिका :

(क) धुलियाबिट देखि बाङ्गे सिमलसम्म रत्न लोकमार्गको दायाँ बायाँ १ किलो मिटर सम्मका क्षेत्र,

(ख) लाटीकोईली सडक हुंदै शिव मन्दिरसम्मको सडकको दायाँबायाँ १ किलो मिटर सम्मका क्षेत्र,

(ग) सुर्खेत - दैलेख सडकको धमला चोकदेखि पानी टयांकीसम्म सडकको दायाँ बाँया १ किलो मिटर सम्मका क्षेत्र,

(घ) मङ्गलगढी चोक देखि लाटीकोईलीसम्मको मूलबाटो वरपर १ किलो मिटर सम्मको क्षेत्र र रत्न राजमार्गको मूलपानी चोकदेखि भुरीगाउँ जाने मूल सडकमा पर्ने फलाटे चोक सम्मको दायाँबायाँ १ किलो मिटरसम्मका क्षेत्र,

(ङ) पिपिरा चोक देखि नेपाली सेनाको पृतना हेडक्वाटर सम्मको मूल वाटो वरपर १ किलो मिटर सम्मका क्षेत्र

(च) रत्न लोकमार्ग एयरपोर्ट चोक देखि घुस्रासम्म जाने मुल वाटोको दायाँ बाँया १ किलो मिटर सम्मका क्षेत्र,

(छ) धुलियाविट चोक देखि बाङ्गे सिमल खारखोलाको पुलसम्म रत्न लोकमार्गको दायाँ २ किलो मिटर सम्म प्रस्तावित रिङ्गरोड भित्रका क्षेत्र,

(ज) धुलियाबिट चोक, सुब्बाकुना अमृतडाडा, चौखेढुङ्गा, मनिकापुरदेखि रहरपुर चोकसम्मको मूलसडकको बाँयातर्फ उक्त सडकलाई छोएको क्षेत्र र दायाँतर्फ रत्न लोकमार्ग सम्मका क्षेत्र,

(झ) रहरपुर चोकबाट बायाँ पर्सेनी रोड हुँदै पाताल दरबार जाने पुलबाट खोली गाउँ माछापोखरी हुँदै भुरीगाउँ रोड फलामे चोकसम्म बायाँतर्फ उक्त मूल सडकलाई छोएका र दायाँतर्फ रत्न लोकमार्ग सम्मका क्षेत्र,

(ञ) नगरपालिकाको वडा नं. १० स्थित रहरपुर चोकदेखि इन्जिनियरिङ कलेज हुँदै सानो सुर्खेत समावेशी टोलसम्मको दायाँबायाँ ५०० मिटर सम्मका क्षेत्र,

(ट) नगरपालिकाको वार्ड नं. १० स्थित रहरपुर चोकदेखि पर्सेनी रोड हुँदै पाताल दरबार जाने पुल, खोली गाउँ, माछापोखरीदेखि फलाटे चोकसम्म बायाँतर्फ ५०० मिटर सम्मका क्षेत्र,

(ठ) नगरपालिकाको वडा नं. १२ पृतना रोडबाट पूर्वतर्फ सुकौरो खोलाको पुल हुँदै वडा नं. १३ को वडा कार्यालय सम्मका मूलसडक वरपर ५०० मिटर सम्मका क्षेत्र,

(ड) नगरपालिकाको वडा नं. १३ को वडा कार्यालयदेखि दक्षिणतर्फ आँपचोक र उत्तरतर्फ नेपाल राष्ट्रिय सामुदायिक मा. वि. करेखोलासम्म मूल सडकको दायाँबाँया १ किलो मिटर सम्मका क्षेत्र,

(ढ) नगरपालिकाको वडा नं. १३ आँपचोक (सापकोटा चोक) देखि पूर्वतर्फ मोतीबहादुर शाहीको ३ तले पक्की घर रहेको चौबाटोसम्म र पश्चिमतर्फ ग्लोबल एलएसपी एग्रो प्रा.लि.को राँगा बधशालासम्म मूल सडकको दायाँबाया ५०० मिटर सम्मका क्षेत्र ।

(३६.२) भेरीगंगा नगरपालिका :

(क) नगरपालिकाको वडा नं. १० र १२ छिन्चुबजार भित्र पर्ने सुर्खेत कोहलपुर (रत्न राजमार्ग) को मुल सडकसंग जोडिएका क्षेत्र,

(ख) छिञ्चु जाजरकोट सडकचोक (खोल्सी) देखि छिञ्चु बजार टोली खोला पुलसम्मको रत्न राजमार्गबाट बाँयातर्फ ५०० मिटर सम्मका क्षेत्र र दाँयातर्फ छिञ्चु खोलासम्मको क्षेत्रमा सो खोलाको मापदण्ड १०० मिटर कटाई बाँकी रहेका क्षेत्र,

(ग) छिञ्चु - जाजरकोट सडक खण्डमा पर्ने वार्ड नम्बर १२ स्थित छिञ्चु बजारबाट राताचौर चिप्ले हुँदै जहरे बजारदेखि गोचेखोलाको पुलसम्म दायाँबायाँ ५०० मिटर सम्मका क्षेत्र ।

(३६.३) गुर्भाकोट नगरपालिका :

(क) नगरपालिकाको छिञ्चु जाजरकोट सडकखण्डमा पर्ने वडा नं. ७ स्थित गोचेखोला पुलदेखि वडा नं. ८ मेहलकुना, भेडाबारी, बोटेचौर हुँदै वडा नं. ९ स्थित सिमघाटसम्मको दायाँबायाँ ५०० मिटर सम्मका क्षेत्र ।

(३६.४) पञ्चपुरी नगरपालिका :

(क) पुर्वमा ईलाका प्रशासन कार्यालय देखि मिलनचोक बजार, पञ्चपुरी नगरपालिकाको कार्यालय, वडा नं. ५ को वडा कार्यालय हुँदै ईलाका प्रहरी कार्यालयसम्मको मुख्यसडकको दक्षिणतर्फ २०० मिटर र उत्तरतर्फ ५०० मिटरसम्मका क्षेत्रहरु ।

(ख) मिलनचौक बजार देखि उत्तरतर्फ पञ्चपुरी एफ. एम., विद्याज्योति मा.वि. हुँदै चतुरेचोक सम्मका मुख्य सडकको दाँयाबाँया २०० मिटरसम्मका क्षेत्रहरु ।

**(४१) जाजरकोट जिल्ला**

(४१.१) भेरी नगरपालिकाः

(क) सदरमुकाम खलंगा बजारको शान्ति चौतारा, बसपार्क बजार क्षेत्र हुँदै तल्लो थाप्ले बसपार्क सम्मको मूलसडकसँग जोडिएका नगरपालिकाले तोकेको मापदण्ड बमोजिमका घर घडेरीहरु ।

(ख) वडा नं. १३ को कुदु बजार क्षेत्रमा छिञ्चु जाजरकोट मुल सडकको दायाँ बाँया ३०० मिटर भित्रको क्षेत्र ।